प्रदेश प्रमुख

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
गण्डकी प्रदेश, पोखरा

गण्डकी प्रदेश
पोखरा नेपाल
फोन नं. ०६१-४७०८८३

# २५७० औं बुद्धजयन्ती र उभौली पर्वको शुभकामना

विश्व शान्तिका अग्रदूत भगवान गौतम बुद्धको २५७० औं जन्मजयन्ती, किराँत समुदायको महान सांस्कृतिक चाड उभौलीका साथै चण्डीपूर्णिमाको अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका बौद्ध धर्मावलम्बी, किराँत समुदाय तथा सम्पूर्ण नेपाली दिदीबहिनी, दाजुभाइमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

विश्वका महान् पुरुष गौतम बुद्व हाम्रो धर्तीले जन्माएकामा हामीलाई गर्व छ । महान् पुरुष गौतम बुद्धका उपदेशहरू विश्वमै लोकप्रिय रहेका छन् । बुद्धले मानव जगतलाई एक सुन्दर, अनुशासित, समानता, अहिंसा, शान्ति र सम्मानित समाजमा अग्रसर रहन मार्गदर्शन गर्नुभएको छ । उहाँका कालजयी उपदेश र मार्गदर्शनलाई आत्मसात् गर्नुपर्नेछ । बुद्धबाट व्यक्त प्रेरणादायी सत्य वचनहरूको महत्व आजको विश्व परिवेशमा झनै बढेको छ । बुद्धको उपदेशलाई आत्मसात गर्न सकिए राष्ट्र र विश्वमा नै भातृत्व, सद्भाव र दीगो शान्ति स्थापना हुने मेरो विश्वास छ ।

यस्तै, उभौली जस्ता चाडपर्वहरूले मौलिक संस्कृतिको जगेर्ना गर्दै सबैलाई सामाजिक सद्भाव र मेलमिलापको सन्देश दिएको छ । नेपालीहरूको एकतामा उर्जा थप्न र सामाजिक बन्धुत्वको अभिवृद्धि गर्न यस्ता पर्वहरू अपरिहार्य छ ।

बुद्धजयन्ती, उभौली र चण्डीपूर्णिमाको यो दिनमा भौगोलिक, धार्मिक, सांस्कृतिक, जातिय र भाषिक विविधतालाई आपसमा गाँसेर राष्ट्रिय एकता तथा साझा नेपाली पहिचान कायम गर्नमा महत्वपूर्ण योगदान दिन सकियोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

साथै, अन्तर्राष्ट्रिय श्रमिक दिवस पनि आजै परेको छ । प्रत्येक वर्ष मे १ मा मनाइने यो दिवसका अवसरमा मुलुकमा पूर्ण लोकतान्त्रिक शासन प्रणालीसहित गणतन्त्र स्थापनामा नेपाली श्रमिक वर्गले पुर्‍याएको अमूल्य योगदानको स्मरण गर्दै उच्च सम्मान व्यक्त गर्दछु । यस दिवसको अवसरमा सम्पूर्ण श्रमिकहरूको हित अनुकूल श्रम वातावरण, उचित पारिश्रमिक, रोजगारीको ग्यारेण्टी एवम् सामाजिक सुरक्षा लगायतका श्रमअधिकार सार्थक रूपमा प्रयोग गर्न सकून् भन्ने शुभकामना व्यक्त गर्दछु ।

२०८३ वैशाख १८ गते, शुक्रबार ।
११४६ वछलाथ्व पुन्हि - १५

डिल्लीराज भट्ट
प्रदेश प्रमुख

प्रदेश प्रमुख